# दिपायल सिलगढी नगरपालिका

## स्थानीय राजपत्र

वर्ष ४, अंक १, संख्या २, दि.सि.न.पा. डोटी स्थानीय राजपत्र भाग ०१ मिति : २०७७।०४।०१ विहिवार

## भाग १
## स्थानीय सरकार
## दिपायल सिलगढी नगरपालिकाको सूचना

दिपायल सिलगढी नगरपालिकाको नगरसभाले वनाएको तल लेखिए वमोजिमको ऐन सथनीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीकालाीग प्रकाशन गरिएको छ ।

## दिपायल सिलगढी नगरपालिकाको आर्थिक बर्ष २०७७/२०७८ को सञ्चितकोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**: दिपायल सिलगढी नगरपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी,

दिपायल सिलगढी नगरपालीकाको नगरसभाले सञ्चित कोषबाट रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी यो ऐन बनाई लागू गरेको छ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ** : (१) यस ऐनको नाम " दिपायल सिलगढी नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले दिपायल सिलगढी नगरपालिकाको विनियोजन ऐन, २०७७ सम्झनुपर्छ।

(ख) "कार्यपालिका"भन्नाले दिपायल सिलगढी नगरकार्यपालिका सम्झनुपर्छ।

(ग) "नगरपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिका सम्झनुपर्छ।

(घ) "सभा" भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगरसभा सम्झनुपर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

### परिच्छेद-२

## सञ्चित कोष बाट विनियोजन सम्बन्धी व्यवस्था

२. **आर्थिक वर्ष २०७७।०७८ को लागि सञ्चित कोषबाट रकमखर्च गर्न सक्ने** : (१) आर्थिक बर्ष २०७७।०७८ को निमित्त कार्यपालिका, वडा तर्फ, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूकालागि अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. **५०,५९,९०,२००।** (अक्षेरूपी पचास करोड उनसठ्ठी लाख नव्वे हजार दुई सय रूपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष बाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्धारा सञ्चित कोष बाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त दिपायल सिलगढी नगरपालिको कार्यपालिका, वडा तर्फ र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिकाको कार्यालयवाट सम्पादन गरिने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरसभा/कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(५)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोष बाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | १०,७८,४१,२००।- | ८,०८,७९,०००।- | | १८,८७,२०,२००।- | |
| २ | | वडातर्फ | १,६७,३५,०००।- | २,३७,६५,०००।- | | ४,०५,००,०००।- | |
| ३ | | विषयगत शाखा | ९६,६६,०००।- | ४५,०५,०००।- | | १,४१,७१,०००।- | |
| ४ | | अन्तर सरकारी वित्तीय हस्तान्तरण | २३,५०,००,०००।- | २,७५,९९,०००।- | | २६,२५,९९,०००।- | |
| **जम्मा** | | | **३६,९२,४२,२००।-** | **१३,६७,४८,०००।-** | | **५०,५९,९०,२००।-** | |

**प्रमाणीकरण मिति :२०७७।०३।३१**

**आज्ञाले**
**खेमराज गुरुगं**
**नि. प्रमुख प्रशासकीय अधिकृत**